# स्थानीय राजपत्र

## लिम्चुङबुङ गाउँपालिका

खण्ड (४) संख्या (३) बाराहा, उदयपुर, १ नं. प्रदेश, नेपाल
असार, १०, २०७७ साल

**भाग-२**

## करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

लिम्चुङबुङ गाउँसभाको वैठकबाट स्वीकृत भएको ऐन, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम लिम्चुङबुङ गाउँपालिकाको स्थानीय राजपत्र सम्बन्धी कार्यविधि, २०७४ अनुसार सर्वसाधारणको जानकारीका लागी प्रकाशन गरिएको छ।

**संवत् २०७७ सालको कार्यविधि नं. ०३**

(ख) “विषय विशेषज्ञ” भन्नाले आधारभुत तह -कक्षा १-८) र माध्यमिक तह -कक्षा ९-१२) सम्म शिक्षक छनौट तथा सिफारिस गर्ने परीक्षा संचालनका लागि यस गाउँपालिकामा कार्यविधिको नियम (४) बमोजिम सूचीकृत भएका आधारभुत र माध्यमिक तहका शिक्षक तथा स्रोत व्यक्ति समेतलाई सम्झनु पर्दछ ।

(ग) “गाउँपालिका” भन्नाले लिम्चुङबुङ गाउँपालिका, बाराहा, उदयपुरलाई सम्झनुपर्दछ ।

(घ) “विद्यालय कर्मचारी” भन्नाले विद्यालय सहयोगी, विद्यालय सहायक वा शिक्षक बाहेक विद्यालयमा नियमित हाजिर भई तलबसुविधा लिई काम गर्ने जुनसुकै कर्मचारी सम्झनुपर्दछ ।

(ङ) “ गाउँ शिक्षा समिति” भन्नाले लिम्चुङबुङ गाउँपालिकाको गाउँ शिक्षा समितिलाई सम्झनुपर्दछ ।

(च) “करार शिक्षक छनौट तथा सिफारिस समिति” भन्नाले गाउँपालिकाको मुल शिक्षा ऐन, २०७४ को दफा ३९ (१) बमोजिमको समिति तथा गाउँपालिकाबाट करार सेवामा लिई विषय विज्ञको रुपमा उपलब्ध गराईने शिक्षकहरुको छनौटका लागि कार्यविधिको नियम (३) बमोजिम गठन गरिएको समिति समेतलाई सम्झनुपर्दछ ।





## परिच्छेद-२
## करार शिक्षक छनौट तथा सिफारिस समितिको संरचना

**३. करार शिक्षक छनौट तथा सिफारिस समिति :** (१) यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका सामुदायिक आ.वि. ⁄ माध्यमिक विद्यालयमा गाउँपालिकाबाट स्विकृति प्राप्त तथा गाउँपालिकाको अनुदानमा उपलब्ध गराईने विषयगत विज्ञ शिक्षकहरु छनौट तथा सिफारिस गर्न देहाय बमोजिम एक करार शिक्षक छनौट तथा सिफारिस समिति गठन गरिने छ ।

(क) प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी – अध्यक्ष
(ख) स्थानीय शिक्षा अधिकारी – सदस्य
(ग) विषय विज्ञ १ जना – सदस्य
(घ) सम्बन्धित विद्यालयको प्रधान अध्यापक – सदस्य सचिव ।

तर सामुदायिक विद्यालयका साविक स्वीकृत दरबन्दी अनुसारको पदमा अवकाश, राजिना वा सरुवा आदिको कारण रिक्त हुने स्थानमा शिक्षक करारमा पदपुर्ति गर्दा गाउँपालिको शिक्षा ऐनको दफा ३९ को उपदफा (२) बमोजिमको समितिबाट हुनेछ ।

(२) नियम (१) बमोजिको समितिले शिक्षक छनौट गर्दा लिखित, अन्तरवार्ता र आवश्यकतानुसार प्रयोगात्मक सबै किसिमको परीक्षा लिई तोकिएको न्यूनतम प्राप्ताङ्क भन्दा बढी अंक प्राप्त गर्नेहरु मध्ये सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारलाई नियुक्तिका लागि वैकल्पिक उम्मेदवार सहित गाउँ शिक्षा समिति समक्ष पेश गर्नुपर्नेछ ।

(३) नियम (२) बमोजिम छनौट तथा सिफारिस भएका उम्मेदवारलाई गाउँ शिक्षा समितिको समन्वयमा विद्यालयहरुको माग बमोजिम प्रमुख प्रशासकीय अधिकृतले करार सेवामा नियुक्त गरी कार्यक्षेत्रमा खटाउनेछ । नियुक्ति

पत्र बुझेको मितिले बढीमा ५ (पाँच) दिनभित्र सम्बन्धित विद्यालयमा सिफारिस भएको व्यक्ति हाजिर हुनुपर्नेछ र सिफारिस भई आएको शिक्षकलाई नियमित कामकाज गर्न लगाई विद्यालयका प्रद्यानाध्यपकले सो को जानकारी गाउँपालिकालाई दिनुपर्नेछ ।

(४) कार्यविधिको नियम ३ (१) बमोजिमको समितिबाट छनौट भई नियुक्त भएको शिक्षकको पद राजिनामा दिई वा पद आचरण बाहेकको गलत क्रियाकलाप गरी कारबाहीमा परी स्थान रिक्त हुन गएमा छ महिनाको अवधिसम्म उपनियम (१) बमोजिमको समितिले करार शिक्षक तथा सिफारिस गर्ने प्रयोजनको लागि उपनियम (२) बमोजिम प्रतिक्षा वा वैकल्पिक सूचीमा रहेको मध्येबाट गाउँ शिक्षा समितिको सिफारिस अनुसार नियुक्ति दिईनेछ ।

(५) यस कार्यविधिमा उल्लेख भएको बाहेक करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी अन्य प्रक्रिया समितिले निर्धारण गरे बमोजिम हुनेछ ।





# करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७

**प्रस्तावना** :

स्थानीय सरकार संचालन ऐन, २०७४ र संविधानको अनुसुची-८ मा व्यवस्था भए बमोजिम आधारभुत र माध्यमिक शिक्षा सम्बन्धी नीति, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मुल्याङ्कन र नियमन गर्ने लगायतका कार्यहरु स्थानीय तहको भएको र लिम्चुङबुङ गाउँपालिकाको शिक्षा ऐन, २०७४ को दफा ४९ को उपदफा (१) मा भएको व्यवस्था अनुरुप गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुमा गाउँपालिकाबाट स्विकृति प्राप्त आवश्यक पर्ने, रिक्त दरबन्दी र गाउँपालिका मार्फत स्रोत जुटाई वा कार्यक्रम बनाई अनुदानमा सेवा करारमा लिने शिक्षकहरुको छनौट एवम् सिफारिस पद्धतिलाई व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाच्छनीय भएकोले, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गाउँ कार्यपालिकाको मिति २०७५/०८/०२ को बैठकबाट स्वीकृत गरी यो कार्यविधि लागू गरिएको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम “करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७७” रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाको बैठकले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा** : विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “विद्यालय” भन्नाले कक्षा १-१२ सम्मको शैक्षिक संरचनालाई सम्झनु पर्दछ ।

(५) प्रश्नपत्र तयार गर्दा गोपनीयताका साथ तयार गर्नुपर्दछ । यसरी तयार गरिएको प्रश्नपत्र गाउँपालिकाको शिक्षा शाखमा पेश गर्नुपर्नेछ ।

## परिच्छेद-४
## शिक्षक छनौट तथा सिफारिस प्रकृया

४. **करार शिक्षक छनौट तथा सिफारिस सम्बन्धी व्यवस्था :** (१) शिक्षक छनौट तथा सिफारिस समितिको सचिवालय गाउँपालिकाको कार्यालय वा शिक्षक छनौट समितिले तोकेको स्थानमा हुनेछ ।

(२) शिक्षक छनौट तथा सिफारिस समितिले करार शिक्षक छनौटका लागि लिईने लिखित तथा अन्तरवार्ता परीक्षको केन्द्र समितिले तोके बमोजिम हुनेछ, तर प्राविधिक धारका विषय अध्यापन गर्ने शिक्षक/प्रशिक्षक छनौट गर्दा प्रयोगात्मक परीक्षा सम्बन्धित प्रयोगशाला भएको स्थानमा राख्न सकिनेछ ।

(३) सूचीकृत विषय विशेषज्ञ स्रोत व्यक्ति भए सम्बन्धित स्रोत केन्द्र भित्र र सम्बन्धित विद्यालयका शिक्षक विषय विशेषज्ञको रुपमा मनोनित गर्नु हुदैन/पाईने छैन ।

(४) विज्ञापन गरेपछि दरखास्त प्राप्त भएपछि छानबिन गरी रीत पुगेका निवेदनलाई दर्ता गरी दरखास्तवालालाई तोकिए बमोजिमको दर्ता निस्सा वा प्रवेशपत्र प्रदान गर्नुपर्नेछ । साथै स्वीकृत नामावलीको सूची टाँस गरी उम्मेदवारलाई लिखित तथा अन्तरवार्ता परीक्षाको मिति र स्थान समेत जानकारी गराउनु पर्नेछ ।





(५) परीक्षाको प्रश्नपत्रको नेपाल सरकारले तोके बमोजिम शिक्षक सेवा आयोगको पाठ्यक्रम बमोजिम हुनेछ ।

(६) सामुदायिक विद्यालयमा शिक्षण पेशामा आवद्ध हुन संघीय शिक्षा ऐनमा स्थायी अध्यापन अनुमति पत्र लिएको हुनुपर्ने प्रावधान भएपनि स्थानीय परिवेशलाई मध्यनजर गरी गाउँपालिकाको अनुदानबाट उपलब्ध गराईने विषय विज्ञ शिक्षकहरु उम्मेदवारको योग्यता, क्षमता र अनुभवको आधारमा स्थायी अध्यापन अनुमति पत्र बिना पनि राख्न सकिनेछ ।

(७) गाउँपालिकाको अनुदानबाट विषय विज्ञको रुपमा छनौट तथा सिफारिस भई करार सेवामा नियुक्त शिक्षकको पदावधि सुरुमा बढीमा एक आर्थिक वर्षको लागि हुनेछ । शैक्षिक गुणस्तर अभिवृद्धिमा पुग्ने योगदान एवम् कार्यसम्पादन मुल्याङ्कनको आधारमा गाउँपालिकाले करार थप गर्न वा नगर्न सक्नेछ । साथै यस प्रकृयाबाट सेवा करारमा नियुक्त गरिएका शिक्षक कार्यरत विद्यालयमा शिक्षक सेवा आयोग मार्फत स्थायी शिक्षक सिफारिस भई आएमा तथा करार सेवामा नियुक्त शिक्षकको आवश्यकता, औचित्य र सान्दर्भिकता पुष्टि नभएमा निजसंगको करार जुनसुकै बेला गाउँपालिकाले भंग गर्न सक्नेछ, वा निजलाई अन्य विद्यालयमा काजमा खटाउन सक्नेछ ।

## परिच्छेद-५
## परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था

**५. परीक्षा, अन्तरवार्ता र योग्यताक्रम सम्बन्धी व्यवस्था :** (१) करार शिक्षक छनौट समितिले परीक्षा हुने मिति, समय र केन्द्र तोक्नेछ र मर्यादित वातावरणमा परीक्षा संचालन गर्नेछ ।

(२) करार शिक्षक छनौट तथा सिफारिस समितिले लिने लिखित परीक्षाको पुर्णाङ्क १००, अन्तरवार्ता १० र आवश्कतानुसार प्रयोगात्मक परीक्षा २५ अंकको हुनेछ । परीक्षाको उत्तिर्णाङ्क ४० प्रतिशत हुनेछ ।

(३) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत वा तोकिएको अधिकृत स्तरको कर्मचारीको जिम्मामा रहेको सिलबन्दी प्रश्नपत्र शिक्षा शाखा प्रमुख/स्रोत व्यक्तिको रोहबरमा परीक्षा समितिको अध्यक्षले परीक्षा संचालन हुनु भन्दा १ घण्टा अगाडी सिलबन्दी खाम खोली प्रश्नपत्र परीक्षा संचालनमा खटिने कर्मचारी/प्रतिनिधीलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) प्रश्नपत्रको गोपनीयता कायम गर्ने छनौट समिति र संलग्न कर्मचारी/प्रतिनिधीको दायित्व हुनेछ ।

(५) तोकिएको विद्यालय निरीक्षक, स्रोत व्यक्ति वा शिक्षा अधिकृत/शिक्षा शाखा प्रमुखको रोहबरमा सम्बन्धित परीक्षा केन्द्रको हाताभित्र विषय विशेषज्ञद्धारा उत्तर पुस्तिका परीक्षण गराईनेछ ।

(६) करार शिक्षक छनौट गर्दा अन्तरवार्ताको विभाजन गर्दा शिक्षक सेवा आयोगले स्थायी शिक्षक छनौटका लागि तोके अनुसार हुनेछ । सामन्यत अन्तरवार्तामा ३.५ भन्दा कम र ७.५ अंक भन्दा बढी दिन पाईने छैन । सो भन्दा बढी वा घटी दिनुपरेमा सबै सदस्यले कारण खुलाई मुचुल्का गर्नुपर्नेछ ।

(७) विषयको प्रकृति हेरी आवश्कताको आधारमा छनौट समितिले प्रयोगात्मक परीक्षा लिन सक्नेछ । तर लिखित परीक्षा अघि र अन्तरवार्ता पछि प्रयोगात्मक परीक्षा लिन सकिने छैन ।





## परिच्छेद-३
## विषय विशेषज्ञको सुची तयार गर्ने

**४. विषय विशेषज्ञको छनौट सम्बन्धी व्यवस्था :** (१) यस लिम्चुङबुङ गाउँपालिका अन्तर्गतका सामुदायिक आधारभुत विद्यालय/माध्यमिक विद्यालयमा गाउँपालिकाको अनुदानमा उपलब्ध गराईने विषयगत विज्ञ शिक्षकहरु छनौट तथा सिफारिस गर्न तथा गाउँ शिक्षा ऐन, २०७७ को दफा ३९ बमोजिम साविक स्वीकृत दरबन्दीको शिक्षक करार सेवामा लिन छनौट तथा सिफारिस गर्दा आवश्यक पर्ने विज्ञहरु आवश्यक योग्यता निर्धारण गरी गाउँपालिकाले ७ (सात) दिनको विषय विज्ञको रुपमा सुचीकृत हुने सूचना प्रकाशन गरी प्राप्त निवेदन मध्ये गाउँशिक्षा समितिद्धारा विज्ञहरुको अन्तिम सुची बनाई प्रकाशन गरिनेछ ।

(२) उपनियम (१) बमोजिम सुचीकृत भएका विषय विशेषज्ञहरु उपर चित्त नबुझेमा अन्तिम सूची प्रकाशन गरिएको ३ (तीन) दिनभित्र आवश्यक सबुत प्रमाण सहित गाउँ कार्यपालिकाको कार्यालयमा उजुरी दिन सकिनेछ ।

(३) शिक्षक छनौट तथा सिफारिसका लागि लिईने लिखित परीक्षाको निर्धारित पाठ्यक्रम र तोकिएको ढाँचा अनुसार प्रश्नपत्र तयार गर्ने काम सुचीकृत विषय विशेषज्ञ मार्फत हुनेछ ।

(४) विषयतग विशेषज्ञद्धारा निर्मित प्रश्नपत्रलाई आवश्यकतानुसार सम्बन्धित विषय विशेषज्ञ समेत समावेश गरी परिमार्जन ( मोडेरेसन) गरी प्रश्नपत्रलाई अन्तिम रुप दिई सिलबन्दी गरेर प्रश्नपत्र बैंकमा राखिनेछ । प्रश्नपत्र परिमार्जन गर्दा लाग्ने लागत/खर्च गाउँपालिकाबाट नियमानुसार व्यवस्था गरिने छ ।

कामको सन्दर्भमा ३ (तीन) पटक भन्दा बढी बैठक बस्न पाईने छैन । तर उत्तर पुस्तिका परीक्षण, प्रश्नपत्र निर्माण वापत, बालविकास केन्द्र, आधारभुत र माध्यमिक तहको हकमा क्रमशः रु. २०००/- (दुई हजार), रु. २५००/- (दुई हजार पाँचसय) र रु. ३०००/- (तीन हजार) सम्म प्रति विषय विज्ञ शिक्षक अतिरिक्त पारिश्रमिक वापत दिन बाधा पर्नेछैन । यसरी दिईने पारिश्रमिक विद्यालयको साविक स्वीकृत दरबन्दीमा रिक्त पदमा करार सेवामा पदपुर्ति गर्दाको सन्दर्भमा सम्बन्धित विद्यालयले बेहोर्नुपर्नेछ । गाउँपालिकाको अनुदानमा उपलब्ध गराइने विषय विज्ञ शिक्षकको छनौट तथा सिफारिस सम्बन्धी नियमानुसार लाग्ने खर्च गाउँपालिकाले बेहोर्नेछ ।

## परिच्छेद-६
## सेवा करारमा शिक्षक नियुक्त तथा विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था

**६. करार सेवामा शिक्षक नियुक्ति सम्बन्धी थप व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा रिक्त हुन गइ तत्काल करार सेवामा अस्थाई पदपुर्ति गर्नु परेमा सम्बन्धित विद्यालयले विद्यालय व्यवस्थापन समितिको बैठक बसि रित्त पदमा करार सेवाद्धारा पदपुर्ति गर्न सहमतिका लागि बैठकको निर्णय, रित्त हुने कारण खुलाइ सो सम्बन्धी कागजात समेत संलग्न गरी गाउँपालिकाको कार्यालयमा निवेदन दिनुपर्नेछ । प्राप्त निवेदन उपर आवश्यक छानबिन गरी गाउँपालिकाले करार सेवाद्धारा पदपुर्तिका लागि विज्ञापन गर्न सहमति दिन सक्नेछ ।

(२) उपनियम (१) बमोजिम विज्ञापन गर्न सहमति प्राप्त गरेपछि सम्बन्धित विद्यालयले गाउँपालिकाको समन्वयमा रित पुर्वक





७ (सात) देखि १५ (पन्ध्र) दिनसम्मको सार्वजनिक विज्ञापन प्रकाशन/प्रशारण गर्नुपर्नेछ ।

(३) यस कार्यविधि र अन्य प्रचलित कानून बमोजिमको प्रकृया बाहिरबाट करार सेवामा शिक्षक नियुक्त भएमा वा गरिएमा त्यस प्रकारको शिक्षकको तलबभत्ता र अन्य सुविधा उपलब्ध गराउन गाउँपालिका बाध्य हुनेछैन ।

**७. विषय विशेषज्ञको योग्यता सम्बन्धी व्यवस्था :** (१) गाउँपालिका क्षेत्रभित्र रहेको सामुदायिक विद्यालयमा साविक स्वीकृत दरबन्दीमा रिक्त पदमा अस्थायी पदपुर्ति गर्दा र गाउँपालिकाको अनुदानमा कार्यविधिको नियम (३) बमोजिमको समितिले करार सेवाद्धारा विषय विज्ञ शिक्षकको छनौट र सिफारिस गर्दा आवश्यक पर्ने विषय विज्ञ शिक्षक हुनको लागि न्युनतम योग्यता देहाय बमोजिम हुनुपर्नेछ :

(क) आधारभुत (प्रा.वि. र नि.मा.वि.) तह : शैक्षिक योग्यता : सम्बन्धित विषयमा शिक्षा संकायमा स्नातक तह वा सो सरह उत्तिर्ण, शिक्षण अनुभव : शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी भइ कम्तिमा २ वर्ष अध्यापन गरेको,

(ख) माध्यमिक (कक्षा ९-१२.) तह :शैक्षिक योग्यता : सम्बन्धित विषयमा द्धित्तीय श्रेणीमा स्नातकोत्तर तह वा सो सरह उत्तिर्ण,( अन्य संकायमा स्नातकोत्तर गरेको भएमा एक वर्षे बि.एड. गरेको हुनुपर्ने) शिक्षण अनुभव : मा.वि. तहको शिक्षक सेवा आयोगको परीक्षा पास गरी स्थायी भइ कम्तिमा २ वर्ष अध्यापन गरेको, तर अन्यत्र जुनसुकै कुरा उल्लेख भएता पनि प्राविधिक धारका शिक्षक छनौट तथा सिफारिस समितिमा विषय विज्ञको रुपमा गाउँशिक्षा समितिका अध्यक्षले आवश्यक पदको न्यूनतम योग्यता पुगेका व्यक्तिहरु मध्येबाट तोक्न सक्नेछ । गाउँपालिका क्षेत्रभित्र विषय विज्ञको रोष्टर बनाउदा कुनै विषयको विज्ञ उपलब्ध हुन नसकेमा साविक जिल्ला शिक्षा विकास तथा समन्वय ईकाई, उदयपुर, वा अन्य स्थानीय तहमा रहेका विषय विशेषज्ञ लिई परीक्षा संचालन गर्न बाधा पर्ने छैन ।

## परिच्छेद-७
## विविध

८. **थपघट, व्याख्या वा हेरफेर :** (१)यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता भएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि गाउँ कार्यपालिकाले यस कार्यविधिमा आवश्यकता अनुसार व्याख्या, थपघट र संशोधन वा हेरफेर गर्नसक्नेछ । साथै यस कार्यविधिमा उल्लेख नभएका विषयका हकमा लिम्चुङबुङगाउँपालिकाको शिक्षा ऐन, २०७५, गाउँशिक्षा समितिको निर्णय, शिक्षक सेवा आयोगको नियमावली र अन्य प्रचलित कानूनमा भएको व्यवस्था अनुसार हुनेछ ।

९. **खारेजी र बचाउ :** (१) यस कार्यविधिमा उल्लेख भएका कुनैपनि प्रावधान प्रचलित ऐन, कानूनसंग बाझिएमा बाझिएको हदसम्म स्वत: खारेज हुनेछ ।

(२) तर यस कार्यविधिको हकमा यसै कार्यविधिमा उल्लेख भए बमोजिम गर्नु गराउनु पर्नेछ ।

२०७७/५/१२

आज्ञाले
टार्जन कुमार लिम्बु
(प्रमुख प्रशासकीय अधिकृत)

प्रकाशित मिति : २०७७/५/२१





(८) गाउँपालिकाको अनुदान तर्फ र विद्यालयका साविक स्वीकृत दरबन्दी अनुसार रिक्त हुने करार शिक्षक छनौट तथा सिफारिस समितिले सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारको नाम नियुक्तिको लागि सिफारिस गर्नुपर्नेछ । यसरी नतिजा प्रकाशन गर्दा लगतैको योग्यता क्रममा रहेको उम्मेदवारलाई वैकल्पिक सूचीमा राख्नुपर्नेछ ।

(९) कार्यविधिको नियम (३) बमोजिम गाउँपालिकाको अनुदान तथा शिक्षा ऐनको दफा २७ को उपदफा (१) बमोजिमको समितिले साविक स्वीकृत दरबन्दीमा रिक्त हुने पदको लागि छनौट तथा सिफारिस हुने उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्त गरी सो को जानकारी गाउँपालिकाको शिक्षा शाखामा दिनुपर्नेछ ।

(१०)तपशिल बमोजिमको अवस्थामा गाउँ शिक्षा समितिले वैकल्पिक सूचीमा रहेका उम्मेदवारलाई नियुक्ति गर्न वा नियुक्तिका लागि सम्बन्धित विद्यालय व्यवस्थापन समितिलाई सिफारिस गर्न सक्नेछ :

(क) सिफारिस गरेको उम्मेदवारले ३० (तीस) दिनको अवधिभित्र पनि नियुक्ति नबुझे/नलिएमा,

(ख) सिफारिस गरेको उम्मेदवारको मृत्यु भएमा, निजले राजिनामा दिएमा,

(ग) नियुक्ति पत्र बुझेको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित विद्यालयमा हाजिर नभएमा,

(११) करार शिक्षक छनौट तथा सिफारिस समितिका पदाधिकारी, विषय विज्ञ र उम्मेदवार बीच कानूनले तोके अनुसारको नजिकको नाता सम्बन्ध रहेको अवस्थामा उक्त नाता पर्ने व्यक्ति समितिमा रहने छैन ।

(१२) छनौट तथा सिफारिस समितिका पदाधिकारी वा विषय विज्ञले प्रति बैठक रु. १०००/- (एक हजार रुपैयाँ मात्र) भन्दा बढी बैठक भत्ता लिन पाउने छैन । साथै यसरी